मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal
०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४

पत्र संख्या २०८२/०८३

च. नं.

मिति - २०८३/०३/०१

## मेलमिलापकर्ता सूचीकृत तथा अध्यावधिक गर्ने सम्बन्धी सूचना

मण्डनदेउपुर नगरपालिकाबाट जारी न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४ अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) र (२) बमोजिम मेलमिलाप हुनसक्ने प्रकृतिका उजुरीका सम्बन्धमा कार्यविधिको दफा ५९ र ६० को प्रयोजनार्थ मेलमिलाप गराउन सूची तयार गर्नुपर्ने भएको हुँदा, आ. ब. ०८३/०८४ को लागि सूचीकृत तथा अध्यावधिक हुन यो सूचना जारी गरिएको छ । मण्डनदेउपुर नगरपालिकाभित्र रहनुभएका आधारभूत तालीम प्राप्त मेलमिलापकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र वडा मेलमिलापकेन्द्रमा सम्पर्क राखी आवेदन फाराम भरी न्यायिक समितिको सचिवालयमा पेश गर्नुहुन सूचित गरिन्छ ।

**आवश्यक न्यूनतम योग्यता**

१. स्नातक तह उत्तीर्ण गरेको,
२. सकृय राजनीतिमा नरहेको,
३. **मेलमिलाप सम्बन्धी ४८ घण्टाको तालीम प्राप्त गरेको** ,
४. २५ बर्ष उमेर पूरा भएको, स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।

(माथि योग्यतामा जुनसुकै कुरा लेखिएको भएतापनि तालीम प्राप्त गरी हाल सामुदायिक मेलमिलापकर्ताको रुपमा काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिनेछ )

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,
३. मेलमिलाप सम्बन्धी तालीम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,
४. पासपोर्ट साईजको फोटो दुई प्रति ।

पुनश्चः आ. व. २०८२/०८३ मा सुचिकृत भएका मेलमिलापकर्ताहरुले समेत पुन: सूची अध्यावधिक गर्नुपर्ने व्यहोरा अनुरोध छ ।

बोधार्थः सुचना तथा प्रविधि शाखा

२०८३।०३।०१

अमृत कुमार धिताल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत